**Interdisciplinary Research in Education**
**Volume 5, Issue 1 & 2, 2020: 133-144**
**DOI:** https://doi.org/10.3126/ire.v5i1&2.34744

# *छाउपडी* उपन्यासका नारी पात्रमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध

**शालिकराम पौड्याल**
*paudyalshalikram@gmail.com*
उपप्राध्यापक
बुटवल बहुमुखी क्याम्पस
त्रिभुवन विश्वविद्यालय

## सार सङ्क्षेप

*छाउपडी उपन्यासमा प्रयुक्त पात्रहरूको कार्यात्मक भूमिकाका आधारमा प्रतिनिधित्व, पहिचान र प्रतिरोधको स्थिति स्पष्ट रूपमा देख्न सकिन्छ । प्रस्तुत उपन्यासमा जातीय, लैङ्गिक, क्षेत्रीय, वर्गीय तथा संस्कार र सांस्कृतिकतालाई प्रतिनिधित्व र पहिचान गर्ने मूल आधार मानिएको छ । उपन्यासमा सीमान्तकृत वर्गमा नारी र पुरुषहरू रहे पनि यस लेखमा नारी पात्रहरूको मात्र प्रतिनिधित्व, पहिचान र प्रतिरोधको स्थितिको खोजी गरिएको छ । उपन्यासका पात्रहरूको सामाजिक आर्थिक हैसियत र तिनको जीवनशैली, आचार, व्यवहारले पनि तिनीहरूले भिन्न भिन्न वर्गीय पात्रका रूपमा विविध ढङ्गले प्रतिनिधित्व गरेका छन् । उपन्यासका सीमान्तीय पात्रहरूले सामन्तवादी सांस्कृतिक उत्पीडनको अवस्थामा पुगेका श्रमिक नारीहरूको प्रतिनिधित्व गरेका छन् । ज्ञान र शक्ति विहिनताले शक्तिको परिधिमा पुऱ्याइएका, नारी अस्मिता र अस्तित्व पहिचान निर्माणमा सचेत हुँदाहुँदै पनि आफ्नो स्वपहिचान र आत्मपहिचानलाई जोगाउन नसकेका नारी पात्रहरू आएका छन् । सीमान्त वर्गका नारी पात्रहरूले आफ्नो स्वपहिचान र आत्मपहिचानलाई जोगाउन सङ्घर्ष गर्दागर्दै पनि प्रतिरोधमा सफल नदेखिएको सन्दर्भ उपन्यासमा चित्रित भएको छ । यसमा सामाजिक अवस्था र लैङ्गिक उत्पीडनका कारण सीमान्तीकृत वर्गमा रहेका नारी पात्रको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अध्ययन गरिएको छ ।*

**मुख्य शब्दावली :** पहिचान, प्रतिनिधित्व, प्रतिरोध, स्वपहिचान, सामन्ती

## परिचय

कविता पौडेल (२००२) नेपाली उपन्यास परम्परामा देखा परेकी नारी स्रष्टा हुन् । उनका *काँडेघारीको यात्रा* (२०५९) आत्मकथा, *बालचित्कार* (२०६२) उपन्यास, *हीरा* (२०६३) उपन्यास, *विस्थापित आमाहरू* (२०६५) उपन्यास, *रिमा* (२०६९) कथासङ्ग्रह, *सीमावारि सीमापारि* (२०७०) उपन्यास, *छोरीको चिठी* (२०७०) उपन्यास, *छाउपडी* (२०७१) उपन्यास प्रकाशित छन् । *छाउपडी* उपन्यास नेपाली समाजको ग्रामीण

परिवेशमा रहेका विभिन्न अन्धविश्वासी परम्परामा आधारित रहेर लेखिएको सामाजिक समस्यामूलक उपन्यास हो । यस उपन्यासको रचना सामाजिक, पारिवारिक र लैङ्गिक विभेदमा पिल्सिएका महिला र जातजातिहरूको जीवनको दुखेसो व्यक्त गर्न रचना गरिएको देखिन्छ । *छाउपडी* उपन्यासमा सामाजिक, सांस्कृतिक संरचनाले सृजना गरेका सीमान्त वर्ग र सम्भ्रान्त वर्गको पात्रहरूको पहिचान र प्रतिनिधित्वको स्थिति प्रष्ट देख्न सकिन्छ । दमन, शोषण र उत्पीडनको विरोध गर्न प्रतिकारमा उत्रदा विद्रूप बन्न पुगी हत्यारासम्मको पहिचान प्राप्त गर्न बाध्य महिलाहरूको विवशतालाई यहाँ देखाइएको छ । यस उपन्यासमा प्रयोग भएका महिला पात्रहरूले आम उत्पीडन महिलाहरूको प्रतिनिधित्व गरेका छन् । प्रस्तुत उपन्यासमा पुरुष वा महिला जोसुकै पनि सामाजिक शासन व्यवस्था, आर्थिक सांस्कृतिक रूपले उत्पीडित भएका देखिन्छन् । उत्पीडनको मुख्य कारण लैङ्गिकता, भौगोलिकता, सामाजिक कुरीति र सांस्कृतिक पक्ष आदि रहेका छन् । उपन्यासमा विभिन्न भूमिका निर्वाह गरेका पार्वती, जमुनी, अञ्जली एवम् अन्य सीमान्तकृत पात्रहरूको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अवस्थालाई क्रमशः विश्लेषण गरिएको छ । छाउपडी उपन्यासमा नारी पात्रको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको स्थिति के कस्तो छ भन्ने समस्यामा केन्द्रित रही उक्त उपन्यासमा आएका नारी पात्रको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको स्थितिको निरूपण गर्नु यस लेखको उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत लेखमा *छाउपडी* उपन्यासको सांस्कृतिक कोणबाट अध्ययन गर्ने क्रममा नारी पात्रको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अध्ययन गरिएको छ । यसमा प्राथमिक स्रोतको सामग्रीका रूपमा असम्भाव्य नमुना छनोटका आधारमा *छाउपडी* उपन्यासलाई लिइएको छ भने द्वितीयक स्रोतको सामग्रीका रूपमा सांस्कृतिक अध्ययनअन्तर्गत प्रतिनिधित्व, पहिचान र प्रतिरोधको सिद्धान्तलाई अवलम्बन गरिएको छ । यी दुवै प्रकृतिका सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । त्यस्तै *छाउपडी* उपन्यासका सीमान्तीकृत नारी पात्रको अध्ययनका लागि सांस्कृतिक अध्ययनअन्तर्गतका प्रतिनिधित्व, पहिचान तथा प्रतिरोधलाई मुख्य उपकरण बनाइएको छ ।

## सैद्धान्तिक पर्याधार : सीमान्तीकृत पात्रको प्रतिनिधित्व, पहिचान र प्रतिरोध

सीमान्तकृत शब्दले खासगरी राज्यभित्रका पिछडिएका वर्गलाई बुझाउँछ । 'सीमान्तकृत' शब्द पश्चिमी सबाल्टर्न शब्दको नेपालीकृत रूप हो । राज्यको केन्द्रसम्म पहुँच नभएका विस्थापित, आवाजविहीन समुदायहरू यसमा पर्दछन् । सीमान्तकृत शब्दले शासक वर्गको लामो समयदेखिको थिचोमिचो र भेदभावबाट उत्पीडित शासित व्यक्ति वा निमुखा वर्गलाई बुझाउँछ (अधिकारी, २०७०, पृ.६९) । ग्राम्सीले सीमान्तकृत शब्दलाई शासित वर्गको वकालत गर्ने क्रममा हैकम वा प्रभुत्वको नवीन अर्थसँग पनि जोडेर प्रयोग गरेका छन् । ग्राम्सीका शब्दमा सीमान्तकृत शब्दले गैरशासकीय, हैकमवादी वर्ग वा समुदायलाई जनाउँछ जो सधैं अधीनस्थ र पराधीन हुन्छन् । उनीहरू शासकका लागि प्रयोग गर्ने वस्तुसमेत बन्न पुग्छन् (श्रेष्ठ, २०६८, पृ.१६) । ग्राम्सी कै दृष्टिकोणलाई विस्तार गर्दै स्पिभाकले सीमान्तकृत स्थिर विषय नभई यो व्यक्ति, समय परिवेशले परिवर्तन भइरहने र एउटा परिवेशमा सामान्य रहेको व्यक्ति अर्को स्थानमा पुग्दा माथिल्लो दर्जाको पनि भनिन्छ भन्दै उनले सांस्कृतिक अभिप्रायलाई धेरै व्याख्या गरेकी छिन् (अधिकारी, २०७०, पृ.६९) । यस अर्थमा सीमान्तकृतले जातजाति, वर्ग, धर्म, सांस्कृतिक, लिङ्ग, पेसा, क्षेत्र आदि हरेक किसिमले दमित, शोषित, उत्पीडित वर्गलाई मात्र नजनाएर अवस्था र परिवेशका आधारमा

समाज वा राष्ट्र  पनि एउटा शक्तिशाली पक्षबाट सीमान्तकृत अवस्थामा चेपिनुपर्ने अवस्थालाई बुझाउँछ। सीमान्तकृत चिन्तनका अगुवा रञ्जित गुहाले वर्ग, लिङ्ग जाति, उमेर, कामको स्थान लगायत हरेक हिसाबले विभेद सहेका शोषण, उत्पीडनका सिकार भएका व्यक्ति वा समुदाय र त्यसका अतिरिक्त ग्रामीण र साना किसान मात्र होइन मध्यम र उच्च वर्गका सम्पन्नलाई  पनि सीमान्तकृत वर्गमै राखेका छन् (अधिकारी, २०७०, पृ.६९) । यद्यपि यस्ता सम्पन्न व्यक्तिहरूले समाजमा सम्भ्रान्त वर्ग वा शासककै पृष्ठपोषकका रूपमा काम गर्छन् । केही जातीय र लैङ्गिक हिसाबले उपल्लो वर्गमा परे पनि आर्थिक तथा अन्य हिसाबले सम्भ्रान्त वा सीमान्त जे  पनि बन्न सक्छ । उपन्यासमा नेपाली सामाजिक सांस्कृतिक परिवेशमा विभिन्न जातजाति, धर्म, संस्कृति, वर्ग, भाषा, भौगोलिकताका आधारमा सीमान्त वर्गको पहिचान प्रतिनिधित्वको अध्ययन विश्लेषण गर्न सकिन्छ (श्रेष्ठ, २०६८, पृ. १४–१५) । यसरी सीमान्तकृतता ऐतिहासिक, सामाजिक, सांस्कृतिक र राजनीतिक परिपेक्ष्यमा निर्धारित हुने विषय भएकाले समय, स्थान र परिस्थितिअनुरूप सीमान्तताको अवस्था निर्माण हुने देखिन्छ ।

प्रतिनिधित्व र पहिचानका सन्दर्भलाई अनेक ढङ्गले हेर्न सकिने भए पनि विशेषतः लैङ्गिकता, जातीयता, क्षेत्रीयता र वर्गीय हिसाबले विश्लेषण गरेर हेरिन्छ । सीमान्त वर्ग शासकको हैकमका सामु सधैँ अधीनस्थ भएर बाँच्नु पर्ने भएकाले उसले आफ्नो प्रतिनिधित्व गर्न सक्छ सक्दैन, उसका सीमान्त आवाजको सुनुवाइ हुन्छ हुँदैन, उनीहरूका आवाज वास्तविक शक्ति केन्द्रसम्म पुग्छन् पुग्दैनन् र उनीहरूले बोलेका विषय सामाजिक शासन व्यवस्थाले सत्य मान्छ कि मान्दैन ? आदि जटिल प्रश्नहरूसँग पहिचान र प्रतिनिधित्वको सवाल गाँसिएको हुन्छ । त्यसैले उनीहरू परिधिमा भएकाले उनीहरूका आवाज कसले बोलिदिने अरूले बोलेर उनीहरूको प्रतिनिधित्व हुन सक्ने कि नसक्ने, त्यसो भए कसरी मूलधारसम्म आउन सक्छन कि सधैँ उत्पीडनको मारमा रहनुपर्छ भन्ने यावत् प्रश्नहरूमा प्रतिनिधित्व र पहिचानको खोजी गरिन्छ (अधिकारी, २०७०, पृ. ७०) । सीमान्तवर्गको प्रतिनिधित्वमा पहिचान र प्रतिरोधका सन्दर्भमा प्रस्तुत उपन्यासमा मुख्यत : वर्गीय क्षत्रीय, लैङ्गिकता र पात्रहरूको सामाजिक राजनीतिक संस्कारगत भूमिकालाई प्रमुख आधार बनाइएको छ ।

सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति आदिको उपस्थिति साहित्यमा कसरी भएको छ र पछाडि पारिएका लिङ्ग, वर्ग, जनजाति, दलित, अल्पसङ्ख्यक, फरक क्षमता, अपाङ्गता आदिका माध्यमबाट साहित्यमा प्रतिनिधित्वको अध्ययन गरिन्छ (अधिकारी, २०७०, पृ. ३०) । पहिचान व्यक्ति समुदायको बोध र आफ्नोपन हो, जो आफ्नो अलग इतिहास धर्म संस्कृति, भाषा, भुगोल आदिका माध्यमबाट निर्मित हुन्छ (गिरी, २०६९:२८) । जाति, जनजाति, पेसा, धर्म, भाषा, संस्कार संस्कृति, अर्थ, राजनीति र चेतनाका आधारमा व्यक्ति वा समूहले आफैँलाई परिभाषित गर्ने वा अरूद्वारा परिभाषित गरिने कुरालाई पहिचानका रूपमा लिएको देखिन्छ । पहिचान व्यक्ति र समुदायको सामान्य चिनारी मात्रै नभएर त्यो मानिसको व्यक्तिगत, सांस्कृतिक र साजनीतिक परिचयसँग जोडिएको हुन्छ । कुनै  पनि समाजको प्रभुत्वशाली संस्कृतिमाथि कुनै समूह, वर्ग लेखक, चिन्तकहरूले जब प्रश्न गर्छन, त्यहीँबाट प्रतिरोध सुरु हुन्छ (सुवेदी, २०६८, पृ. १३०) । प्रतिरोधले श्रमिक वर्गको संस्कृतिमा जरा गाडेर बसेको देखिन्छ । जुन शासक वर्गहरूको विरुद्धमा विशिष्ट ढङ्गले उभिएको छ । यस सम्बन्धमा हलको धारणालाई यहाँ राख्नु सान्दर्भिक देखिन्छ । उनका अनुसार “संस्कृतिका दुई पाटा छन् । एउटा पाटो मूलधार हो । यसका मान्यताहरू निश्चित छन् । यो मानक पनि हो । अनि अर्कोतिर सीमान्तकृत वर्ण हुन्छ । त्यस वर्गले त्यही  संस्कृतिलाई कसरी

सिर्जनात्मक ढङ्गले मोडेर प्रतिरोधात्मक संस्कृतिको रचना गर्न सकिन्छ भन्ने काम गर्छ" (सुवेदी, २०६८, पृ. १३१) । यसले प्रतिरोध केवल नकारात्मक विरोधको स्वरूप तथा सामाजिकतासँगै सिर्जनात्मक विरोधको स्वरूप मात्र नभएर सामाजिकतासँगै सिर्जनात्मक रूपान्तरण पनि हो भन्ने बुझिन आउँछ ।

## *छाउपडी* उपन्यासका नारी पात्रको प्रतिनिधित्व, पहिचान र प्रतिरोध

सीमान्तवर्गको प्रतिनिधित्वमा पहिचान र प्रतिरोधका सन्दर्भमा प्रस्तुत उपन्यासमा मुख्यत : वर्गीय, क्षेत्रीय, लैङ्गिकता र पात्रहरूको सामाजिक राजनीतिक संस्कारगत भूमिकालाई प्रमुख आधार बनाइएको छ । प्रस्तुत उपन्यासमा पुरुष वा महिला जोसुकै पनि सामाजिक शासन व्यवस्था, आर्थिक सांस्कृतिक रूपले उत्पीडित भएका देखिन्छन् । उत्पीडनको मुख्य कारण लैङ्गिकता, भौगोलिकता, सामाजिक सांस्कृतिक सन्दर्भ आदि रहेका छन् । उपन्यासमा विभिन्न भूमिका निर्वाह गरेका पार्वती, जमुनी, अञ्जली, देउती एवम् चन्दाजस्ता सीमान्तकृत पात्रहरूको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अवस्थालाई क्रमशः विश्लेषण गरिएको छ ।

## पार्वतीको प्रतिनिधित्व, पहिचान र प्रतिरोध

प्रस्तुत उपन्यासमा मुख्यतः पार्वती थारु जातकी सीमान्तकृत समुदायको प्रतिनिधित्व गर्ने सोझी, सरल ग्रामीण नारी हो । सानै उमेरमा विवाह गरेकी पार्वती लैङ्गिक हिंसाबाट किशोरावस्थामा नै विभिन्न उत्तारचढाव सहेकी सीमान्तकृत नारीपात्रको रूपमा देखिन्छे । जन्मेको केही दिनमा नै आमा गुमाएर सानीमा र बुबाको पालनपोषणमा हुर्किएकी पार्वतीले आमाको वास्तविक माया बुझ्न पाएकी छैन । अरूको लहलहैमा आफ्नो जीवनमा धेरै ठक्कर खाएकी पार्वती थारु प्रचलनअनुसार बिहे गरे पनि पछि माइतीमा बस्नुपर्ने चलन स्वीकार नगरी श्रीमान्कै घरमा गएकी छ । सानै उमेरमा श्रीमान्को घरमा काम गर्न नसकेका कारण सासू र श्रीमान्को पिटाइ खान पुगेकी पार्वती बिरामी अवस्थामा घरबाट मध्यरातमा भागेर मावली गएर त्यतै केही समय बिताएकी छ । तराईको संस्कार र संस्कृतिमा हुर्केबढेकी पार्वती एक दिन तौलिहवा भन्ने स्थानमा मेला हेर्न गएर फर्कँदा साथीहरू छुटेर एक्लै परेपछि गाउँकै एउटा लोहार मोहनलाई विश्वास गरेर उसैसँग लडियामा बसेर फर्कँदा त्यसैबाट यौनजन्य सिकार बन्न पुगेकी छ । मेलाबाट फर्कँदा आपनो अस्मिता गुमाएकी पार्वती गर्भवती भएको थाहा पाएर मोहनसँग आपनो अधिकार खोज्न जाँदा उल्टै बदनाम भएर फर्कनुपरेको छ । मोहनले स्वीकार नगरेकी, मावलीको हेला भएकी र गाउँभरि बदनाम भएर बसेकी पार्वतीले मोहनको घरमा जबरजस्ती जाने निर्णय गर्छे । मोहनसँग बस्दा उसको आमाबुबा र उसको पिटाइ तथा तिरस्कार सहन नसकी आक्रामक बनेर पार्वतीले मोहनलाई हँसियाले हिर्काएर मार्छे र आफू सरासर प्रहरी कार्यालयमा पुग्छे ।

सानै उमेरमा धेरै पीडा र सास्ती सहेकी पार्वतीले विरोध जनाउन खोज्दा आक्रामक बनेर मोहनको हत्या अभियोगमा कैदी जीवन समेत भोग्न पुगेकी छ । जेलमा विभिन्न प्रहरीहरूको कुदृष्टि उसमा परेको छ । लोभ, लालच र आशामा फस्नुभन्दा बुद्धिमतापूर्वक परिस्थितिबाट जोगिनुपर्छ भन्ने पाठ सिकेकी उसले भैरहवाबाट पाल्पा काराबासमा गएपछि आफ्नो सन्तानलाई समेत गुमाउन पुगेकी छ । पितृसत्तात्मक शासन व्यवस्थाले निर्धारण गरेको लैङ्गिक भूमिकाकै कारणले ऊ दमनमा परेकी छ ।

उपन्यासमा बलात्कृत भएपछि त्यसको बदला लिन र आफ्नो अस्तित्वको खोजी गर्न हत्या गर्न कस्सिएर आफूलाई देवी कालीका रुपमा प्रस्तुत गरेकी पार्वती शिक्षा, अर्थ, राजनीति, शासकीय अधिकार, नागरिक अधिकार, न्याय, सुरक्षा, जाति, क्षेत्र र लिङ्ग आदि सबै दृष्टिले सीमान्तमा परेकी आफ्नो पहिचानको खोजीमा सङ्घर्षरत पात्र हो । यो पूर्णतः शक्ति र ज्ञानबाट बन्चित र सामन्तीहरूको अधीनस्थ र संस्कृतिकी भोक्ता हो ।

सामाजिक शासन व्यवस्थामा प्रभुत्वमा रहेकाको नियन्त्रण, अन्याय, अत्याचार र थिचोमिचोबाट प्रतिक्रिया स्वरूप अधीनस्थ वर्गले आत्मरक्षाको लागि प्रतिरोध गर्ने अवस्था हुन्छ । माइतीमा दुःख भोगेकी, बिहेपछि पतिको घरमा दुःख पाएकी, बेवास्तामा परेकी अत्यन्त तुच्छ र हेपिएकी सीमान्तकृत ग्रामीण नारीको रूपमा देखिएकी पार्वती पछि आफ्नो रक्षाका लागि प्रतिकार गर्दा हत्या जस्तो जघन्य अपराध समेत गर्न पुगेकी छ । उसले ग्रामीण महिलाको प्रतिरोधको स्थितिलाई बहन गरेकी छ । पार्वती भौतिक रूपमा जे जस्तो वातावरणमा भए पनि उसभित्रको भावनाले भने उसलाई आफूले अपनाउँदै आएको समाज र आफूप्रतिको अन्याय, संस्कार र संस्कृतिका मान्यताहरूलाई सहजै आत्मसात् गर्न नसकेको देखिन्छ । समाजको लाञ्छना र घरपरिवारको तिरस्कारले पार्वती हत्यारा बन्न पुग्नु नै उसको प्रतिरोध हो । सोझी, सरल र सहनशील पार्वती विभिन्न ठक्कर र उतारचढावले गर्दा महाकालीको रूपधारण गर्न पनि पछाडि परेकी छैन । आफूले सहेको अन्याय, अत्याचार, दमन र हिंसा सहन नसकेर प्रतिकारमा मानिस आक्रामक र राक्षसी प्रवृत्ति देखाउन पनि पछि हट्दैन भन्ने कुरा पार्वतीको भूमिकाबाट प्रष्ट देखिन्छ । उसको मनमा उम्लिएको ज्वालाले महाकाली कै अवतारमा पुगेको कुरा उसले भनेका वाक्यबाट यसरी पुष्टि गर्न सकिन्छ :

> म पनि तँलाई मारेर जेल जान्छु । के सोचेको छस् ? सायद बलात्कारको फल नै तेरो मृत्युको कारण रहेछ क्यार ! म अरुजस्ती कमजोर होइन । राम्ररी सम्झी-कालीले तँजस्तै अपराधीहरुलाई मारेर टाउकाको माला लगाएकी थिइन्, म पनि त्यस्तै नगरी कहाँ पो छोड्छु । हेर्, आज म तँलाई जिउँदै छाड्दिनँ । बिग्रेको मान्छेको भत्केको घर, भत्केपछि केको डर ! (पृ.११)

यस प्रकारको अभिव्यक्तिबाट पार्वतीभित्र पनि अन्यायको विरुद्धमा अवचेतनमा क्रान्तिचेत थियो भन्ने कुरा स्पष्ट हुन्छ । आफ्नो अस्मिता मोहनसँग जोगाउन नसके पनि आफूले पाउनुपर्ने हक अधिकारको बारेमा पार्वती सचेत बनेकी देखिन्छ । मोहनको परिवारले गरेको अनैतिक र पशुवत् व्यवहारले उसलाई हत्यारासमेत बनाएको छ । लैङ्गिक हिंसाको सिकारबाट विद्रूप बनेकी पार्वती नारी पहिचानलाई कायम राख्न पुरुषवादी शासन व्यवस्थाको तीव्र प्रतिरोध गरी हत्यासमेत गर्न पुगेकी छ । पार्वती तराईको थारू समुदायकी सीमान्तीयताको प्रतिनिधित्व गर्ने प्रतिरोधोन्मुख पात्रका रूपमा देखिन्छे ।

## जमुनीको प्रतिनिधित्व, पहिचान र प्रतिरोध

पश्चिम नेपालको दाङ जिल्लाअन्तर्गत पर्ने बिजौरी भन्ने स्थानमा जन्मेकी जमुनी थारु जातकी आर्थिक रूपमा पनि अत्यन्तै विपन्न परिवारकी छोरी हो । आमाबुबाको मृत्युपश्चात् चारभाइहरूको लालनपालनको जिम्मेवारी बोकेकी जमुनी जमिनदार रामरतनबाट हिंसात्मक व्यवहार सहन बाध्य भएकी छ । लैङ्गिक हिंसाको चपेटामा परेकी जमुनी, मालिक र उसको छोराको लागि स्याहार सुसार गर्नेदेखि लिएर कपडा धुने र गोडा मालिससम्म गर्ने गरेकी छ । तर त्यसको बदलामा हप्कीदप्की र डरत्रासमा बाँच्न ऊ बाध्य छ । दिनरात मरेर काम गर्दा पनि कामको उचित पारिश्रमिक प्राप्त गर्न नसकेकी उल्टै लोभ, लालच र आशा देखाएर अस्मिता नै लुट्न खोज्ने साहुहरूको घर छोडेर आफनै सानो झुप्रो बनाउन सके आनन्दले बस्न पाइन्थ्यो भन्ने कल्पना गर्ने जमुनी प्रगतिशील पात्रका रूपमा देखापरेकी छ । उसले हरूवाहरूसँग मिलेर उनीहरूकै सहयोगमा खोलाको किनार छेउमा सानो झुप्रो समेत बनाउन पुगेकी छ । मालिकहरूको कुदृष्टिबाट जोगिन आफ्नै झुप्रो निर्माण गरेर पनि बिहान साँझको छाक टार्नको लागि हरूवाको काम गर्न बाध्य भएकी जमुनी पुनः साहुकै घरधन्दामा लागेकी छ । उसले रामरतन जमिनदारले भनेबमोजिम काम नगरेका कारण उसको ठुलो भाइ सुरजलाई हत्या गरी घर नजिकै खाल्डो खनेर गाडिदिएको छ आफ्नै

स्तरअनुसारका हरूवाहरूबाट भरपुर सहयोग पाएकी जमुनी आफ्नै जातको मालिकबाट हरेक पलपलमा लुटिन खोजिएकी देखिन्छे । साहु रामरतनका कुकृत्यबाट आजित भएकी जमुनीले आफ्नो मनमा बदलाको भावना राखेर आफ्नो साथमा सधैं खुकुरी राखेर हिँडेकी छ । रामरतनसँग बदला लिने अभिप्रायले उसले आफ्नो ज्यान समेत उक्त नरपिचाशलाई सुम्पन पुगेकी छे :

> यौनपिपासु, लम्पटहरु विवेकशून्य हुँदा रहेछन् । त्यसैले होला, उसले अलि हँसिलो अनुहार पार्दै म नजिकै आएर मलाई मुसार्न पो थाल्यो । आफू भित्रभित्रै रिसले आगो भए पनि मैले उसलाई त्यसको रत्तिभर आभास हुन दिइनँ । गिद्धे दृष्टि भएको त्यस राक्षसलाई ममा रिसको ज्वाला दन्किरहेको पत्तै भएन । अनि त के थियो, उसले मेरा गुलाबी गालामा मुख लाउन सुरु गऱ्यो । पहिले उताउति हेरेँ । कोही देखिनँ । त्यसैले त्यस नरपिशाचको कामको ज्वाला अझ दन्काउन मेरो शरीर सुम्पेको भान पारेँ । उता ऊ मेरा वक्षस्थलमा हात फेर्न निर्लिप्त भएर लागिपरेको थियो । (पृ.२७)

रक्सी खाएर बेहोसी अवस्थामा पुगेको उसलाई अनुकूल मौका छोपेर जमुनीले मार्ने निधो गरेकी जमुनीले बदलाको भाव परिपूर्तिका लागि आफ्नो अस्मिता समेत लुटाउन पछाडि परेकी छैन । रामरतन स्वयम् आफैं रक्सीले मातिएर उसकै भाइलाई मारेको खाल्टोमा परेर मरेको छ । उसलाई आफ्नै हातले मार्न नपाएर भित्रभित्रै बदलाको ज्वाला दबिएको भए पनि रामरतनको छोरा सुजनको व्यवहारले पुनः उसमा बदलाको भावना उब्जिएको छ । दसैंमा सबै परिवार मामाघर गएको बेला एक्लै घरमा सुजन रक्सीले मातिएको अवस्थामा जमुनीसँग लहसिन खोज्दा उसले बाबुलाई मार्न भनी तयारी राखेको खुकुरी प्रहार गरी सुजनको हत्या गरेर बदला लिएकी छ :

> त्यस दिन राति मेरो ओछ्यानमा आयो । त्यो समय सुजनलाई सिध्याउने अनुकूल अवसर ठानी मैले रक्सी खाएर रमाइलो गर्न भनेँ । अनि त के थियो, ऊ धोक्नसम्म धोकेर ममाथि आइलाग्यो । त्यति नै खेर सिरानीबाट खुकुरी निकालेर उसको टाउकामा बजारेँ । ऊ रन्थनिएर लड्यो । (पृ. ३१)

जमुनी आफूप्रति भएको अन्याय सहन नसकेर त्यसको बदलामा हत्या जस्तो अपराध गर्नसम्म पछाडि परेकी छैन । जमुनीले जेलमा पुगेर समेत आफ्नो भाइको हत्यारालाई पैसा खाएर छोडेको आरोप लगाएको कारण थानेदारले पनि उसलाई सास्ती दिएको छ भने जमुनी जेलमा समेत आक्रामक र विरोधी देखिन पुगेकी छ । थानेदारले समेत उसलाई थरुनीको के इज्जत हुन्छ र ? बढ्ता हुन्छेस् भन्दै दुर्व्यवहार गर्न पुगेको छ । गाउँ समाजमा प्रभुत्वमा रहेका जमिनदार जस्ता ठूला वर्गबाट प्रताडित जमुनी आफूमाथि भएको अत्याचार सहन नसकेर हत्याराको परिचय बनाएकी छ । उसलाई जेलमा समेत प्रहरी प्रमुखले अत्याचार गर्न पुगेको छ । आफ्नो शरीर बचाउन देखाएको प्रतिक्रियास्वरूप सुजनलाई मारेर जेल पुगेकी जमुनीको जेलकै प्रमुख थानेदारबाट बेहोस अवस्थामा इज्जतमा लुटिएको छ । हत्याको अभियोगले जेल पुगेकी जमुनी थानेदारको कुकृत्यबाट गर्भवती हुन पुगेको कुरा उसले चार महिनापछि मात्र थाहा पाउँछे । जेलमा रहेकी महिला डाक्टरसँग बच्चा नजन्माउने फैसला गर्ने जमुनीले समय धेरै भएका कारण बच्चा जन्माउनै पर्ने हुन्छ र नचाहेरै बच्चालाई जन्म दिन्छे । चार वर्षसम्म जेलमा नै हुर्काएर आफ्नो भाइ भेट्न आउँदा उसैका साथमा लगाएर पठाउँछे । जेलमै आफन्त र साथीहरूका कारण ऊ अत्यन्त आनन्दसँग दिनहरू कटाउन पुग्छे । यसरी जमुनी नेपाली समाजमा विद्यमान धनीवर्गले गरिबवर्ग माथि गर्ने अन्याय र

अत्याचार विरुद्ध प्रतिकार गर्न खोज्दा आफैं अन्यायमा फस्ने ग्रामीण सीमान्त वर्गीय पात्रहरूको प्रतिनिधित्व र पहिचान भएकी नारी पात्र हो ।

सामाजिक शासन व्यवस्थामा अन्याय, अत्याचार र थिचोमिचोबाट आजित भएका शोषित वर्गले आत्मरक्षाको लागि प्रतिकृया स्वरूप प्रतिरोध गर्ने स्थिति रहन्छ । यहाँ जमिनदार रामरतनको घरमा घरेलु कामदारका रूपमा रहेकी शोषित जमुनीमा पहिले कुनै पनि किसिमको प्रतिरोध नदेखिए पनि विस्तारै विद्रोहको आगो बल्दै गएको देखिन्छ । सधैँ डर, त्रास र धम्की सहेर बाँच्ने समाजका सामन्तीवर्गको पहिचान बोकेकी जमुनीमा सहनुको सीमा नाघेपछि प्रतिरोधको स्थिति उत्पन्न भएको छ । नारीलाई प्रयोगका लागि बनेका साधनको रूपमा लिइने र त्यसको प्रतिकार गर्न पुग्दा जमुनीजस्ता सीमान्तकृत वर्गले अपराधीको परिचय लिएर आफ्नो अमूल्य जीवन जेलमा बिताउन बाध्य हुन्छन् भन्ने कुरा देखाइएको छ । यसरी जमुनी दुःख पाएकी, सानैमा अभिभावक गुमाएर भाइहरूका लागि अभिभावक बनेकी, अत्यन्त तुच्छ र हेपिएकी सीमान्तकृत श्रमिकको प्रतिनिधित्व र पहिचान भएकी, प्रतिरोधको भावना भएकी, शक्ति र सत्ता दुबैबाट हटाउने सीमान्तीकृत प्रतिनिधित्व चरित्रका रूपमा उपन्यासमा देखिएकी छ ।

सामन्ती समाज व्यवस्था र लैङ्गिक हिंसाको सिकारबाट पिल्सिएकी जमुनी सानैमा अभिभावक बनेकी र हजारौँ समस्या गुर्जान बाध्य मधेसी मूलकी सीमान्तकृत वर्ग हो । आफूले सहेको र भोगेको जीवनबाट आजित भएकी जमुनीले आफ्नो सुरक्षा र अस्तित्वको लागि प्रतिकार समेत गरेकी छ । सामान्य प्रतिकारको अवस्थामा नै हत्यारा बन्न पुगेकी जमुनी नचाहेर पनि अपराध गर्न पुगेकी छ । ठुलाबडाको अपराध क्षमा हुने र पैसाले हत्यारालाई पनि जोगाउने यो समाजमा जमुनी जस्ता पिछडिएका र अन्यायमा परेका पात्रहरूले आफ्नो सुरक्षाका लागि प्रतिकार गर्दा अपराधीको भागिदार बन्नुपर्दछ भन्ने कुरा जमुनीका यीा भनाइबाट स्पष्ट हुन्छ :

> म जमुनी हुँ, मेरो भाइ मार्नेलाई तपाईंहरूले घुस खाएर छोडिदिनुभयो । आज म मेरो इज्जत लुट्न खोज्ने त्यही बाबुको छोरालाई काटेर जेल बस्न आएकी बेसहारा केटी हुँ । थानेदारले मेरा कुरा सुनेर निकै हकीदप्की गऱ्यो । मेरो बदलाको ज्वाला रामरतन र सुजनलाई सिध्याएपछि अवश्य शान्त हुन्छ जस्तो लागेको थियो, तर त्यो झन शान्त हुने अवस्थामा नै रहेन । थानेदारको हप्कीदप्कीले अझ ममा आवेश बढ्यो । मैले भनें- हेर्नुहोस् थानेदार साब, तपाइँले रूपैयाँको मुठोका भरमा मेरो भाइ मार्नेहरूलाई खुलेआम माफी दिएर छोडिदिनुभयो । तपाईंलाई नि त्यसै छोड्दिनँ । (पृ. ३१)

यसरी यस भनाइबाट पनि जमुनी आक्रोशको ज्वालामा रन्थनिएकी एक आक्रान्त नारी हो । सामाजिक शासन व्यवस्थामा केन्द्रमा रहेर थिचोमिचो गर्दै शोषण गर्ने रामरतन जस्ता साहुहरूले गरेको कुकृत्यलाई निकालेर सभ्य समाजको निर्माण गर्न चाहने जमुनीले रामरतन र सुजन अनि प्रहरी निरीक्षक प्रति देखाएको कठोरपन नै जमुनीको प्रतिरोधको स्थिति हो ।

## अञ्जलीको प्रतिनिधित्व, पहिचान र प्रतिरोध

अञ्जली सरल ग्रामीण युवती हो । कुलको इज्जत र सौताको खुसीको लागि परपुरुषसँग सम्बन्ध स्थापित गर्न राजी हुने ऊ अशिक्षित, पिछडिएकी सीमान्त वर्गको प्रतिनिधित्व गर्ने नारी पात्र हो । ज्ञान र शक्तिबाट

बञ्चित उसले आफ्नो स्वपहिचानको प्रतिनिधित्व आफैँले गर्न सकेकी छैन । *छाउपडी* उपन्यासमा वास्तविक छाउपडीको पीडाबाट प्रताडित बन्न पुगेकी पात्रका रूपमा अञ्जलीको पहिचान देखिन्छ । पश्चिम नेपालको बर्दियाको गुलरियामा ठुलो पसलको साहुकी एकमात्र छोरी अञ्जली मामाहरूका ढिपीका कारण नौ वर्षकै कलिलो उमेरमा दुईवटा सौतामाथि ४७ वर्षको बुढोसँग विवाह बन्धनमा बाँधिएर कालीकोटको ग्रामीण र पछौटे समाजमा पुगेकी छ। आमा समान उमेरका सौताहरू र बाबु समानको लोग्ने भएको घरमा निसास्सिएर अञ्जलीले कतिपटक त्यहाँबाट भाग्ने निर्णय समेत गरेकी छ तर त्यसमा सफल बन्न भने सकेकी छैन । पारिवारिक रूपमा छाउपडी प्रथाबाट पीडित बनेकी अञ्जली सन्तान जन्माउन नसक्ने भनेर पनि समाजबाट हेपिएकी छ। लोग्नेको वृद्ध अवस्था र रोगका कारण बच्चा जन्माउन नसकेकी अञ्जलीलाई आफ्नी माइली सौता शुभलाले आफ्नै भाइ पर्ने राजनसँग वीर्यदान मागी बच्चा जन्माउन लगाएकी छ :

> दिदीले मलाई अँगालो मार्दै भन्नुभयो- मैले तँ यो घरमा भित्रिएपछि अहिलेसम्म तँलाई आमा समानको व्यवहार गरेकी छु । त्यसैले मैले भनेको मान् । मैले भाइ राजनसँग गर्भाधान कर्म मागेकी छु। यसो गर्दा कुनै पाप हुँदैन, बरु कुलको भलाइ नै हुन्छ। साथै जोरीपारीले पनि औँला उठाएर निःसन्तान भन्न पाउँदैनन् । तँ आज एक रात राजनलाई तेरो शरीर सुम्पिदे । अरू सबै कुरा म मिलाउँछु । के गर्ने अर्को ठाउँमा मैले तेरो बिहे गरेर पठाउन सकिनँ । यही धेरै सम्पत्ति छ । यो सबै कसले भोग गर्ने ? त्यसैले तैँले यस कुलका लागि एउटा सन्तान जन्माइदिनै पर्छ । हामी दिदी र म पाका भइसक्यौँ अब त्यो सम्भव छैन । (पृ. ४९)

आफ्नो जीवनलाई अरूको इच्छा र चाहनाअनुरूप चलाउन बाध्य अञ्जली आफ्नो लोग्नेले आफ्ना कमजोरी लुकाएर आफूमाथि लगाएको आरोपले विक्षिप्त बनेको अवस्थामा समेत सौताले दिएको सल्लाहलाई स्वीकार गरेकी छ । परपुरुषसँगको सम्बन्धलाई अनैतिक पाप ठान्ने अञ्जली सौताको करबाट राजनसँग नजिकिन पुग्छे । केही समयपछि गर्भवती बन्न पुगेकी छ । ऊ गर्भवती भएको थाहा पाएपछि सबै खुसी भएका छन् :

> बुढेसकालमा सन्तान जन्मन लागेको देखेर लोग्ने दङ्ग पऱ्यो, सौता पनि दङ्ग । अनि समाजै दङ्ग भएको देखेपछि म पनि खुसी हुनै पऱ्यो । माइली दिदीले त मेरो झन् अति ख्याल गर्नुहुन्थ्यो । (पृ. ५०)

परपुरुषसँगको सम्पर्कबाट गर्भवती भए पनि सन्तानप्राप्तिबाट खुसी हुने तत्कालीन समयको अवस्थालाई यसमा अभिव्यक्त गरिएको छ । अञ्जलीले नौ महिनाको पर्खाइपछि जुम्ल्याहा छोरालाई जन्म दिए पनि छाउपडी प्रथाका कारण ती बच्चालाई गुमाउन पुगेकी छ । आफूले जन्माएका ती नवजात शिशुलाई छाउपडीमा राति बाघले खाइदिएपछि पीडाले ऊ निकै विक्षिप्त र विद्रूप बन्न पुगेकी छ । आफू छाउपडीमा बस्नुपरेको र आफ्ना छोराहरू बाघले खाएको सबै दोष दिएर उसले सौतालाई दिएर आक्रोश व्यक्त गर्छे :

> ममा दिदीप्रति घृणा र आक्रोशको ज्वाला दकियो । एक्कासि पागलझैं कराएर भनें, ए पापिनी दुष्ट मलाई यस जङ्गलमा ल्याएर राखिस् अनि मेरा छोरा कहाँ पुऱ्याइस ? तँ पापिनी सौतामाथि मैले धेरै विश्वास गरें । त्यसैले मेरो यो हालत भयो भन्दै दिदीको कपाल भुत्ल्याउन पुगेछु (पृ.५३) ।

आफ्नो लोग्नेको वृद्धावस्थाका कारण बच्चा दिन नसक्ने ठहर गरी सौताले खोजेको केटोसँग वीर्यदान लिएर बच्चा पाउन पुगे पनि पिछडिएको र अशिक्षित समाजमा रहेको छाउपडी प्रथाले गर्दा आफ्ना सन्तान बाघले खाइदिएपछि मात्र उसमा सौताप्रतिको प्रतिरोधको भावना देखिएको छ ।

केही महिनापछि अञ्जली स्वस्थ भएपछि राजन फेरि पनि पल्किएको बिरालो झैं आउने गर्थ्यो । सौताको साथ पाएकी अञ्जलीलाई आफ्नो वृद्ध पतिले समेत राजनसँगको सम्बन्ध स्वीकार गरेपछि डरको भाव रहँदैन । राजनसँगको उठबसले अञ्जली फेरि पनि गर्भवती हुन पुग्छे र छोरालाई जन्म दिन्छे । यसपालि पनि छाउपडीमा जन्मेको छोरालाई सौताले घरमै राख्ने भन्दै लिएर राति नै घर छोडेर जान्छे । यसपछि अञ्जलीले आफ्नो बुढो लोग्ने र अर्को बुढी सौताको स्याहारमा लाग्छे । दुबैजनाको मृत्यु भएपछि ऊ एक्लै हुन्छे । उसलाई छाउपडीमा रहेको वेला बलात्कार गर्ने प्रयास भए पनि त्यसबाट बच्न सफल हुन्छे । केही वर्ष एक्लै बिताएपछि आफ्नो अबोध शिशुलाई लिई घर छोडेर गएकी सौताको पुनः आगमन भएपछि भने केही मात्रामा उसको जीवनमा खुसीका रङ्गहरू छाउँछन् ।

जीवनमा निकै उतारचढाब सहेकी अञ्जली हाम्रो देशको ग्रामीण भेगमा जीवन व्यतित गरिरहेका नारीहरूकी प्रतिनिधि पात्र हो । बाल्यकालमा बाबु समानको लोग्ने र आमा समानका सौतालाई बेहोर्दै परपुरुषबाट जन्माएका छोरा समेत गुमाउन पुग्ने अञ्जली हीनताबोध लिएर बाँच्ने अबला नारी हो । अञ्जली एउटी सरल, सोझी, अशिक्षित र शक्तिबाट ओझेलमा परेकी ग्रामीण सीमान्त नारीको प्रतिनिधित्व र पहिचान बोकेकी पात्र हो । शिक्षा र चेतना नभएका कारण उसमा प्रतिरोधको चेत त्यति पाइँदैन ।

वास्तविक छाउपडीको पीडाबाट ग्रसित बन्न पुगेकी अञ्जली सबै छाउपडीबाट पीडित महिलाहरूको प्रतिनिधि पात्र हो । यो उपन्यासको नामसँग मिल्ने छाउपडी प्रथाको जटिल समस्यासँग गाँसिएकी अञ्जली समग्र उपन्यासकै प्रतिनिधित्व गर्ने पात्रमा रूपमा समेत देखापरेकी छ । जतिसुकै अन्याय र हीनताबोधमा परे पनि अञ्जलीमा प्रतिरोधको क्षमता शून्य प्रायः नै देखिन्छ । यसरी अञ्जली दुःख पाएकी, बेवास्तामा परेकी, अत्यन्त हेपिएकी सीमान्तीकृत महिलाको प्रतिनिधित्व र पहिचान भएकी तथा प्रतिरोध शून्य भएकी एवम् शक्ति र सत्ता दुबैबाट बञ्चित सीमान्तकृत चरित्रका रूपमा उपन्यासमा आएकी छ । परपुरुषबाट नै भए पनि आमा बन्ने सौभाग्य प्राप्त गर्ने अञ्जली आफ्नै सौताबाट अन्यायमा परेकी छ । आफ्नो अबोध शिशुलाई काखी च्यापेर घर छोडेर जाने सौताले पुनः चारवर्षपछि बच्चा लिएर आउँदा पनि उसप्रति केही प्रतिकार गर्न नसकी सरासर स्वीकार्नुले पनि अञ्जली सोझी र सरल ग्रामीण नारी हो भन्ने स्पष्ट हुन जान्छ । शिक्षा, चेतना र शक्तिबाट टाढा रहेकी अञ्जली नेपाली ग्रामीण समाज, संस्कृति र जनजीवनको सीमान्तीयताको प्रतिनिधित्व गर्ने प्रतिरोधोन्मुख पात्रका रूपमा देखिन्छे ।

## देउतीको प्रतिनिधित्व, पहिचान र प्रतिरोध

पश्चिम नेपालको पछौटे समाजमा हुर्केबढेकी देउती पात्रले सीमान्तवर्गको प्रतिनिधित्व गरेकी छ । देउती छाउपडी प्रथाबाट पीडित महिलाको पहिचान गराउने नारी हो । छाउपडीमा बस्ने चलन हटाएर समाजका महिलालाई ठूलो दुर्घटना हुनबाट बचाउन आवाज उठाउने देउती आफैं सुत्केरी हुँदा छाउपडी गोठमा बस्न बाध्य भएकी छ । छाउपडीमा बस्नुपर्ने त्रसित मानसिकताले गर्दा प्रसव वेदनालाई समेत दबाउन प्रयत्न गरेकी उसले बच्चा जन्माएपछि गाउँ समाजको करका कारण गोठसम्म पुग्न बाध्य भएकी छ ।

कमजोर शरीर र त्रसित मानसिकताले गर्दा आफ्नो अबोध शिशुलाई बचाउन पाँच रात र दिनसम्म ननिदाएर बसेकी देउती मानसिक अवस्थाबाट विक्षिप्त बनी होस हराउन पुग्छे र गोठमा खाना पुऱ्याउन अनि उसको बच्चाको जानकारी लिन आउने सासू र जेठानी पर्ने महिलालाई बाघ सम्झेर हँसियाले हानेर हत्या गर्न पुग्छे । आफ्नो काखको बच्चा आगोमा जल्दासम्म होस् नपाउने देउती पिछडिएको संस्कारले प्रताडित महिला हो ।

छाउपडीमा बस्नुपरेको कारण होस गुमाएर सासू तथा जेठानी दिदीको हत्या गर्न पुगेकी देउतीलाई हत्याको अभियोगमा प्रहरीले पक्राउ गर्न आए पनि उसको लोग्नेको अनुनय विनयको कारण केही दिन आराम गर्न घरमा बस्न पाएकी छ। जेल चलान भए पनि ऊ फिरौती रकम बुझाएर जेल जीवनबाट मुक्त भएकी छ। जेलबाट फर्केपछि श्रीमान् र आफूले गाउँमा विद्यमान छाउपडी प्रथालाई हटाउन गाउँभरिका छाप्राहरू भत्काएर समाजलाई नयाँ जीवन प्रदान गर्न चाहन्छन् । तर उनीहरूलाई कसैको पनि सहयोग र साथ प्राप्त हुन सकेको देखिँदैन ।

यस उपन्यासमा देउती छाउपडी प्रथाबाट स्वतन्त्र बनाउने क्रममा आफू नै हत्यारा बन्न पुगेकी अत्यन्त दयनीय पात्र हो । सुत्केरी अवस्थामा छाउपडीमा बस्नुपर्ने बाध्यताले आफ्नो सन्तान गुमाउन पुगेकी उसले सामाजिक रीतिस्थितिलाई नचाहेर पनि स्वीकार गर्नुपर्दा आफूलाई परेको अन्यायको घटनाले परिवर्तनको पाठ सिकेकी छ । परिवर्तन हुनुपर्छ र गाउँ समाजमा रहेका अन्धविश्वासी परम्पराहरूलाई हटाएर नयाँ जमानाअनुसार अगाडि बन्नुपर्छ भन्ने आवाज उठाउन चाहने देउती परिवर्तनको स्वर निकाल्दा उल्टै गाउँलेहरूबाट कुटपिट खानुपरेको छ । छाउपडी छाप्राहरू हटाउन केवल उसको पतिले सहयोग गरे पनि ऊ मरणासन्न हुने गरी कुटिन पुगेको छ । उनीहरूले सामाजिक व्यवस्थामा रुढीवादी र अन्धविश्वासी परम्परालाई हटाउन खोज्ने अभियानमा जुट्न पुग्दा आक्रमण भएको कुरा यी कुराबाट अझ प्रष्ट पार्न सकिन्छ :

> अचानक आक्रमण भएकाले के गर्ने, के नगर्ने होसै भएन । आफूलाई कसरी बचाउने भन्ने मात्र सोचेँ । त्यसैले मैले चारैतिर बञ्चरो घुमाएँ । दुर्भाग्यवश एकजनाको टाउकोमा बञ्चरोले लागेछ । ऊ ठाउँको ठाउँ ढल्यो । अनि त के थियो र ? सारा मानिसहरू मै माथि खनिए । म पनि आफ्नो ज्यान बचाउन जेले पायो त्यसैले आफ्नो बचाउ गर्दै गएँ । खै कसले हो दाउराले हानेर मेरो दाहिने हातै भाँचिदियो । मलाई बँचाउने हुँदा एकजना गाउँलेका लाठीले मेरो श्रीमान्को पनि दाहिने हातको नाडीमा लागेर उनी त्यही ढले (पृ. ६५) ।

गाउँलेले गरेको आक्रमणबाट बच्न देउतीले अन्धाधुन्ध बञ्चरो प्रहार गरी धेरैलाई घाइते बनाउँछे र एक जनाको हत्या गर्न पुग्छे । पुनः हत्याराको अभियोगमा देउती जेलमा जन्मकैदको सजाय पाएर बसेकी छे । सामाजिक व्यवस्थामा रहेर हैकम चलाउने परम्परागत समाज र पछौटे संस्कारले गाँजेको समाजमा देउती जस्ता सोझा र सरल जीवन बिताउने ग्रामीण महिलाहरू कुरीति र कुप्रथाका कारण हत्यारा बन्न पुग्नु नै उसको प्रतिनिधित्वको पहिचान हो ।

देउतीको प्रतिरोध केवल सामाजिक रुढीवादी, परम्परा र अन्धविश्वाससँग केही मात्रामा रहेको देखिए पनि उसले पूर्णतया आफूले गर्न सक्ने कामहरू गर्न सकेकी छैन । आफ्नो सुरक्षाको लागि प्रतिकार गर्नु मात्र

उसको प्रतिरोधको स्थिति हो । उसले सामाजिक संस्कारलाई परिवर्तन गर्न प्रतिरोध गरेको देखिन्छ यद्यपि ऊ त्यसमा सफल भने हुन सकेकी छैन बरु हत्याराको परिचय प्राप्त गरेकी छ । देउती नेपाली पछौटे समाज, सांस्कृतिक र रुढीवादी जनजीवनको प्रतिनिधित्व गर्ने प्रतिरोधोन्मुख पात्रका रूपमा देखिन्छे ।

## चन्दाको प्रतिनिधित्व, पहिचान र प्रतिरोध

सानैमा आमा मरेकी र बुबाले पनि आफ्नो दायित्व बिर्सेर बालमन्दिरमा छोडिएकी चन्दा आफूलाई जन्म दिने आमाबुबाको दया नभए पनि पोखरेल थरकी महिलाको छत्रछायामा हुर्किएकी एक शिक्षित सबल र पेसाले पनि नर्स हो । धर्मआमाले कुनै पनि कमी हुन नदिएर हुर्काए पनि ऊ बिहे गरेपछि भने आफ्नै पतिबाट प्रताडित बन्न पुगेकी छ । आफूसँगै बुटवल अस्पतालमा काम गर्ने पेसाले डाक्टरसँग उसले प्रेम विवाह गर्न पुग्छे । विवाहभन्दा अगाडि प्रेममा डुबेकी चन्दाको जीवनमा विवाहपछि भने तुषारापात हुन पुगेको देखिन्छ । घरकी नवयौवना श्रीमतीलाई लत्याएर अन्य परस्त्रीहरूसँग लहसिने विनोदले चन्दा र उसकी छोरीप्रतिको उत्तरदायित्व बिर्सेर उल्टै नराम्रा क्षुद्रवचन र अशोभनीय व्यवहार देखाउन पुगेको छ । दिनरातको प्रताडनाले छियाछिया भएको मन लिएर पनि चन्दाले छोरीप्रतिको जिम्मेवारी बहन गरेकी छ । आफ्नै बाबुको कुदृष्टिबाट जोगाएर ठुली मान्छे बनाउने सपना बोकेकी चन्दाले छोरीको असुरक्षाको महसुस गरी आमा र दाइसँगै हेटौंडा पठाउँछे । दिनरातको किचकिच र कोलाहलले आजित भएकी चन्दाले विनोदसँगको सम्बन्धलाई जतिसुकै सामान्य बनाउन खोजे पनि सफल भएको छैन । पतिबाट प्रताडित नारीको प्रतिनिधित्व गर्ने चन्दाले समग्र नेपाली समाजका पीडित महिलाको पहिचान गराएकी छ ।

सुत्केरी अवस्थामा समेत आफ्नो कर्तव्य पूरा नगर्ने लोग्नेबाट बिस्तारै ऊ मानसिक रूपमा टाढिँदै गएकी छ भने भौतिक रूपमा पत्नी भएर नै बसेकी छ । आफ्नो अनुकूल स्वार्थ पूरा गर्नु परे मात्र डेरामा आउने नत्र अस्पतालका नर्स, पिउनदेखि फुटपाथका तरकारी व्यापार गरेर जीवन चलाउने महिलाको समेत पछि लागेर हिँड्ने विनोदले सम्पूर्ण डाक्टर तथा उक्त पेसालाई नै घृणित बनाएको छ । हाम्रो सामाजिक व्यवस्थामा नारीहरूलाई दबाउने र जहिले पनि शोषण तथा दमनमा पार्ने परम्पराबाट ग्रसित आफ्नै पुरुषबाटै ओझेलमा परेको अवस्था भए पनि आफ्नो पौरखमा जीवन चलाउन सक्नु नै चन्दाको प्रतिनिधित्व र पहिचान हो ।

चन्दा यस उपन्यासमा सामाजिक शासन व्यवस्था र पितृसत्तात्मक पुरुषवादी सङ्कथनात्मक शासन व्यवस्थाले सिर्जना गरेको परिस्थितिको भोक्ता पात्रका रूपमा उपस्थित छे । जातीय दृष्टिले ऊ पोखरेल थरकी महिलाको काखमा हुर्किएकीले उसलाई बाहुन हो भन्न सकिन्छ भने जन्मको आधारमा उसलाई यही जातकी हो भन्न सकिने अवस्था भेटिँदैन । उसको कार्यात्मक भूमिकाका आधारमा चन्दा मिहिनेती, श्रमजीवी र अन्तर्मुखी महिलाको पहिचान भएकी पात्र हो जसमा उसको स्वपहिचान र आत्मपहिचान देख्न सकिन्छ । शिक्षा र चेतनाका दृष्टिकोणले उसमा प्रतिरोध चेत सशक्त देखिन्छ । उसले आफ्नो वैयक्तिक स्वपहिचान र नारी पहिचान अनि अस्तित्व रक्षाका लागि सङ्घर्षशील र जुझारु महिलाको प्रतिनिधित्व र पहिचान बनाएकी छे । आफ्नो पीडा दाइ र आमालाई सुनाउन पनि नसक्ने चन्दा भित्रभित्र जलन हुन थालेपछि मात्र आफ्नो लोग्नेले गरेको अत्याचारलाई प्रतिकार गर्न पुग्छे र विरोध जनाउन थाल्छे । उसको प्रतिरोधलाई यसरी प्रष्ट पार्न सकिन्छ :

> म ड्युटी सकेर घर फर्कंदा भान्साका लागि किनेका केही सामान हातमा लिएर भित्र पसेकी मात्र के थिएँ, ऊ मसँग बिनासित्तै निहुँ खोजेर झगडा गर्न थाल्यो र झोलामा भएको सामान बाहिर फालिदियो । एक छिनको भनाभान खप्न नसकेर मैले पनि रिसको झोँकमा नजिकै भएको खुकुरीले उसको गर्दनमा प्रहार गर्न पुगेछु । झगडा सुनेर वल्लोपल्लो क्वाटरमा बस्ने स्टाफ, डाक्टर, नर्सहरू आइपुग्दा ऊ ढलिसकेको थियो । त्यो सब देखेर लोग्नेलाई यसरी काटेर भार्न सक्ने कत्रो आँट, यो त यस्ती पो रहिछे अनि पो उसले वास्ता नगरेको रहेछ भनेर मलाई आरोप-प्रत्यारोप गर्न थाले । एकछिन पछि पुलिसहरू आइपुगे । मैले यथार्थ कुरा बताउनु नै उपयुक्त ठानेर सबै बताएँ । त्यसपछि मुचुल्का बनाइयो । उसका घरपरिवारलाई बोलाइयो । हेटौँडाबाट सुलभ दाइ र आमा पनि आउनुभयो । म यसरी जेलको जीवन बिताइरहेकी छु । (पृ.७२)

लैङ्गिक उत्पीडनका विरुद्ध आफू एक सचेत नारीका हैसियतमा नारी अस्मिता र स्वतन्त्रताको रक्षाका लागि उसले प्रतिरोधको अवस्था निम्ताएकी छे । अग्रगामी र क्रान्तिकारी सांस्कृतिक स्वरूपको निर्माणमा चन्दाको निर्भीक, धीर, जुझारु र आँटिली महिलाको उच्च प्रतिरोध चेत पनि उपन्यासमा प्रभावकारी रूपमा अभिव्यक्त भएको पाइन्छ ।

## निष्कर्ष

*छाउपडी* उपन्यासका नारी पात्रहरू सामाजिक सांस्कृतिक व्यवस्थाद्वारा बाँधिएका छन् । उपन्यासमा शासकीय प्रभुत्व वर्गीय दृष्टिले सीमान्तवर्ग र प्रभुत्वशाली सम्भ्रान्त वर्ग दुवैको प्रतिनिधित्व देखिन्छ । मुख्यतः जमुनी, पार्वती, अञ्जली, देउती, चन्दाजस्ता मूलधारमा नभएका भौगोलिक र राजनीतिक दृष्टिले सामाजिक शासन व्यवस्थामा केन्द्रद्वारा पाखामा पारिएका र सीमान्त बनाइएका ग्रामीण महिलाको प्रतिनिधित्व गरेका छन् भने चन्दाजस्ता आफ्नो जीवन निर्वाह आफैँ गर्न सक्षम र शिक्षित वर्गले पनि आफ्नो पतिबाट अपहेलना र तिरस्कार पाउनुपरेको कुराको प्रतिनिधित्व गरेकी छ । यसमा आएका नारी पात्रहरू पुरुष र महिलाबाट पीडित बन्न पुगेका छन् र समाजमा अनैतिक कार्य हत्या र हिंसाजस्ता जघन्य अपराध हुन पुगेका छन् । यस उपन्यासमा पुरुषवादी सङ्कथनात्मक शासन व्यवस्था र पितृसत्तात्मक सामाजिक संस्कृतिका कारण नारी अस्मिता र स्वपहिचानको अस्तित्व सङ्कटमा परेको छ । प्रस्तुत उपन्यासमा सामन्ती, पूँजीवादी आर्थिक, सांस्कृतिक र पितृसत्तात्मक सामाजिक शासन व्यवस्थाले सिर्जना गरेको विकृत संस्कृतिको विनिर्मित गर्ने प्रयास स्वरूप सम्भ्रान्त वर्गका क्रियाकलापलाको विरोध गर्ने प्रयास प्रतिरोध चेतका माध्यमबाट अभिव्यक्त भएको छ ।

## सन्दर्भसामग्री

अधिकारी, केशव (२०७०), *पारिभाषित आँखाहरू उपन्यासको सांस्कृतिक अध्ययन,* अप्रकाशित दर्शनाचार्य शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गिरी, अमर (२०६९), पहिचानको राजनीति र मार्क्सवाद, *नवयुग* २२/८ पृ. २७-३६ ।

गौतम, कृष्ण (२०५९), *आधुनिक अलोचना : अनेक रूप अनेक पठन,* दो.सं., ललितपुर : साझा प्रकाशन ।

पौडेल, कविता (२०७१), *छाउपडी,* भैरहवा : प्रश्रित प्रतिष्ठान नेपाल ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन्स ।

सुवेदी, अभि (२०६८), सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास *रत्न बृहत, नेपाली समालोचना, सैद्धान्तिक खण्ड,* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, (सम्पा), काठमाडौं : रत्न पुस्तक भण्डार, पृ.१२५–१३९ ।